# कृषि विकास बैंक लिमिटेड

**रामशाहपथ, काठमाडौं**

## कर्मचारी सामुहिक स्वास्थ्य बीमा सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०७/२१ गते)**

यस बैंकमा कार्यरत करिब २५७० कर्मचारी को १ बर्ष अवधिको वीमांक रु १,००,०००/- (अक्षरेपी एक लाख मात्र) को (अस्पताल भर्ना भई उपचार गरेकोमा रु ७०,०००/- र अस्पताल भर्ना नभई उपचार गरेकोमा रु ३०,०००/(मात्र) सामुहिक स्वास्थ्य बीमा गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक बीमा कम्पनीहरुबाट के कस्ता दर रेटमा के कस्ता सेवा तथा सुविधाहरु उपलब्ध गराउन सकिने हो सो सम्बन्धी उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस बैंकको जनशक्ति व्यवस्थापन बिभागमा निम्न अनुसारको शर्तमा रही शिलबन्दी दरभाउ पत्रको प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :-**

१. शिलबन्दी दरभाउपत्र सहितको प्रस्ताव (कोटेशन) पेश गर्दा वीमांक रु.१,००,०००/- (अक्षरेपी एक लाख मात्र) को (अस्पताल भर्ना भई उपचार गरेकोमा रु ७०,०००/- र अस्पताल भर्ना नभई उपचार गरेकोमा रु ३०,०००/(मात्र) अस्पताल भर्ना भई रात बस्नु पर्ने र अस्पताल भर्ना नभए पनि बीमा दावी हुने २ वटा छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्ने छ। प्रस्तावित प्रस्ताव मध्ये कुनै १ एक प्रस्ताव बैंकले छनौट गर्नेछ।

२. शिलबन्दी दरभाउपत्र सहितको प्रस्ताव (कोटेशन) पेश गर्दा वीमांक रकम Flat (एकमुष्ट हुने गरि) मा पेश गर्नु पर्ने छ।

३. शिलबन्दी दरभाउपत्र सहितको प्रस्ताव (कोटेशन) पत्र साथ यस बैंकको कर्पोरेट बैंकिङ्ग कार्यालय, रामशाहपथ स्थित चल्ती खाता नं. ०१००२००११४५५५०२५ मा रु. १०००/- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

४. बीमा कम्पनीले बीमा अन्तर्गत दिन सकिने अधिकतम सुबिधाहरुको बिस्तृत बिबरण पेश गर्नु पर्ने छ।

५. प्रस्ताव दाताबाट प्राप्त शिलबन्दी प्रस्तावहरु प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलीपल्ट कार्यालय खुलेको दिनमा यस बिभागमा खोलिने छ।

६. प्राप्त भएका शिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस बैंकमा निहित रहने छ।

**कृषि विकास बैंक लि.,**
**जनशक्ति व्यवस्थापन बिभाग,**
**मुख्य कार्यालय, काठमाण्डौं।**
**फोन नं. ०१-४२१९२४१**